# वार्षिक प्रगति प्रतिवेदन

## आ.व.२०७५/०७६



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

**राष्ट्रिय प्राणी उद्यान**

सूर्यविनायक भक्तपुर, २०७६, भाद्र

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व.२०७५/०७६

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

**राष्ट्रिय प्राणी उद्यान**

सूर्यविनायक भक्तपुर, २०७६, भाद्र

**वार्षिक प्रगति प्रतिवेदन : आ.व.२०७५/०७६**

प्रकाशक : राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक, भक्तपुर
प्रकाशन प्रति : २००
प्रतिलिपि अधिकार : © २०७६, राष्ट्रिय प्राणी उद्यान
आवरण फोटो : कालिज
फोटो सौजन्य : राष्ट्रिय प्राणी उद्यान
सम्पर्क ठेगाना : राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक, भक्तपुर
फोन नं. : ०१-५७०८०१०

वेभसाईट : www.nationalzoologicalgarden.gov.np

लेखन तथा सम्पादन :

नारायण रुपाखेती/वेद कुमार ढकाल निर्देशक
मिथिलेश महतो, सहायक व्यवस्थापन अधिकृत
चेतबहादुर ओली, रेञ्जर
सुदर्शन रेग्मी, रेञ्जर
दीपककुमार चन्द, रेञ्जर
हुतराज पौडेल, लेखापाल
नरेश ज्ञवाली, सिनियर गेमस्काउट

मुद्रण : क्रिएटिभ लिङ्क प्रा.लि., बागवजार, काठमाण्डौं।

**हाम्रो भनाइ**

नेपालको भौगोलिक एवं धरातलीय अवस्थितिले गर्दा यहाँ जैविक विविधताको प्रचूरता रहेको छ। यसको संरक्षण इतिहास कालदेखिनै विभिन्न कानूनी आधार लिएर हुँदै आएको छ। जैविक विविधता संरक्षण कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ तर्जुमा गरेर कार्यान्वयनमा ल्याइएको छ। यो ऐनको पाँचौ संशोधन (२०७३/१२/१७) हुँदा दफा १५(ग) मा चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना एवं सञ्चालन गर्न सकिने व्यवस्था छ।

नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७१/१०/२९ मा भक्तपुर जिल्लाको २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने, उद्यान स्थापनार्थ सम्पूर्ण व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने, सोको लागि आवश्यक पर्ने रकमको व्यवस्था अर्थ मन्त्रालयले गर्ने, नेपालको अन्य स्थानमा पनि यस प्रकारका प्राणी उद्यानहरुको आवश्यकता र सम्भाव्यताको आधारमा स्थापना गर्ने कार्य अघि बढाउन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने निर्णय गऱ्यो। सोही निर्णयको आधारमा नेपाल राजपत्र खण्ड (६४) काठमाडौं, चैत्र १६ गते, २०७१ साल (संख्या ४४ मा सूचना प्रकाशन गरेर सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वन क्षेत्रलाई यो प्राणी उद्यान घोषणा गरिएको हो। यो नेपालको केन्द्रीयस्तरको पहिलो प्राणी उद्यान हो।

राष्ट्रिय प्राणी उद्यान स्थापना घोषणापश्चात् आ.व.२०७२/०७३ बाट साँध सीमाना छुट्याउने काम लगायत भौतिक पूर्वाधार निर्माणमा केन्द्रित वार्षिक कार्यक्रमहरु सञ्चालनमा ल्याइएका छन्। यो प्रतिवेदनमा आ.व.२०७५/०७६ को खर्च शीर्षकहरुमा विनियोजित बजेट रकमबाट भए गरेका कामहरुको प्रगति सङ्क्षेपमा उल्लेख गरिएको छ। अझै पनि उद्यानको वार्षिक बजेट तथा कार्यक्रम भौतिक पूर्वाधार निर्माणमानै केन्द्रित छ। आ.व.२०७५/०७६ को कार्यक्रमहरु सञ्चालन गर्न, तत्कालीन सामुदायिक वनका पदाधिकारीहरु, सूर्यविनायक नगरपालिका प्रमुख तथा उप-प्रमुख, वडा नं.६, ७ र ८ का वडा अध्यक्षहरु, जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुखहरु, सुरक्षा निकायका प्रमुख तथा सुरक्षाकर्मीहरु, जिल्ला समन्वय समितिका संयोजक, भक्तपुर जिल्ला प्रदेश सभा एवं प्रतिनिधि सभाका माननीय सांसदहरुको यथेष्ट सहयोग प्राप्त भएको छ। त्यस्तै कार्यक्रमहरु सञ्चालनको लागि वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट निर्देशनसहितको उल्लेख्य सहयोग प्राप्त भएको छ।

जैविक विविधता संरक्षण कार्य आफैँमा जटिल एवं कठिन र निरन्तर प्रक्रिया हो। यसको लागि सम्बद्ध क्षेत्रका निकाय, सरोकारवालाहरु र स्थानीय समुदायको सहभागिता अपरिहार्य छ। अतः आगामी दिनहरुमा पनि प्राणी उद्यानको व्यवस्थापकीय कार्यमा विगतका वर्षहरुमा जस्तै सम्बद्ध निकायहरु सरोकारवालाहरु र स्थानीय समुदायको समन्वय, सहकार्य एवं हातेमालोको अपेक्षा राख्दछौं।

**राष्ट्रिय प्राणी उद्यान**,
**परिवार**

# विषय-सूची


| क्र.सं. | विषय सूची | | पृष्ठ संख्या |
|---|---|---|---|
| १. | पृष्ठभूमि | | ज्ञ |
| २. | परिचय | | द्ध |
| ३. | राष्ट्रिय प्राणी उद्यान सञ्चालनको कानूनी आधारशिला | | घ |
| ४. | आ.व.२०७५/०७६ को वार्षिक कार्यक्रम, मुख्य क्रियाकलापहरु र प्रगति विवरण | | ड |
| | ४.१ | पूँजीगत खर्च शीर्षकअन्तर्गतका कार्यक्रमहरु | ज्ञण |
| | | ४.१.१ मुख्य कार्यालय भवन निर्माण | ज्ञण |
| | | ४.१.२ कार्यालय फर्निचर खरीद | ज्ञण |
| | | ४.१.३ कार्यालय कम्पाउण्ड वाल निर्माण | ज्ञज्ञ |
| | | ४.१.४ सिमाना सडकको डि.पि.आर. तयार | ज्ञद्ध |
| | | ४.१.५ वन्यजन्तु उद्धारको लागि केज निर्माण | ज्ञद्ध |
| | | ४.१.६ पार्किङ्गस्थल व्यवस्थापन | ज्ञघ |
| | ४.२ | चालु शीर्षक अन्तर्गतका कार्यक्रमहरु | ज्ञद्ध |
| | | ४.२.१ संरक्षणसम्बन्धी अन्तरक्रिया/गोष्ठी | ज्ञद्ध |
| | | ४.२.२ होमस्टे व्यवस्थापनसम्बन्धी तालिम | ज्ञछ |
| | | ४.२.३ अतिक्रमण वस्ती व्यवस्थापन | ज्ञट |
| | | ४.२.४ इको क्लव गठन र अभिमुखीकरण तालिम | ज्ञड |
| | | ४.२.५ संरक्षणसम्बन्धी स्कूल शिक्षा कार्यक्रम | ज्ञढ |
| | | ४.२.६ वार्षिक प्रगति प्रतिवेदन प्रकाशन | ज्ञढ |
| | | ४.२.७ ब्रोसियर लफ्लेट प्रकाशन | द्धण |
| | | ४.२.८ जैविक विविधता चेक लिष्ट/प्रोफाइल तयार | द्धण |
| | | ४.२.९ नियमावली मस्यौदा तयार | द्धज्ञ |
| | | ४.२.१० कार्यालयको वेभसाईट तयार तथा संचालन | द्धज्ञ |
| | | ४.२.११ प्राणी उद्यान सम्भाव्यता अध्यहरु/ सर्वेक्षण | ज्ञठ |
| | | ४.२.१३ मिनी जु अभिलेखीकरण | द्धद्ध |
| ५. | वन्यजन्तु उद्धार केन्द्र स्थापना एवं संचालन सम्झौता | | द्धघ |
| ६. | अस्थायी स्वीकृत दरवन्दी विवरण | | द्धट |
| | ६.१. | आ.व.२०७५/२०७६ | द्धट |
| ७. | विविध | | द्धठ |

| क्र.सं. | विषय सूची | पृष्ठ संख्या |
|---|---|---|
| | ७.१ चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पतालसम्बन्धी कानूनी व्यवस्था | ढ्ढठ |
| ८. | अनुसूचीहरु | ढ्ढढ |
| | अनुसूची – १ राष्ट्रिय प्राणी उद्यान घोषणा भएको राजपत्र | ढ्ढढ |
| | अनुसूची – २ राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुरमा पाइने वन्यजन्तुको सूची | घण |
| | (क) स्तनधारी | घण |
| | (ख) पंक्षी | घज्ञ |
| | अनुसूची – ३ राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक भक्तपुरमा गरिएको क्यामेरा ट्यापमा परेका वन्यजन्तुहरु | घछ |
| | अनुसूची – ४ राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक भक्तपुरको भू–दृश्यहरु | घठ |

## १. पृष्ठभूमिः

नेपालको प्राचीनकाल, मध्यकाल र आधुनिककालमा समकालीन शासन प्रणालीमा जैविक विविधता संरक्षणमा लिखत, सनद, आदेश, उर्दी र ऐन एवं नियमावलीहरुको तर्जुमा र कार्यान्वयन गरेर कानूनी आधार लिएको देखिन्छ। यसरी जैविक विविधताको संरक्षण हुँदै आएतापनि मुलुकी ऐन (२०१९) जारी भएपछि वन र वन्यजन्तुको संरक्षणका लागि अपराधजन्य कार्य नियन्त्रण गर्न दण्ड सजायँको व्यवस्था भएको पाइन्छ।

वन्यजन्तु संरक्षण कार्यलाई प्रभावकारी बनाउन २०२९ सालमा "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन" विशेष ऐन तर्जुमा गरेर कार्यान्वयनमा ल्याइएको छ। यो ऐनको पाँचौ संशोधन (२०७३/१२/१७) हुँदा चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने (दफा १५ ग) व्यवस्था गरिएको छ। त्यस्तै मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा १४८ पनि वन क्षेत्रलाई व्यक्ति विशेषले सार्वजनिक सम्पदा आफ्नो बनाउन नहुने र दफा १४९ ले प्राकृतिक सम्पदामाथि अतिक्रमण गर्न नहुने र अतिक्रमण गरेमा दण्डित हुने व्यवस्था छ।

वन्यजन्तु संरक्षणको लागि मूलतः २ वटा पद्धतिहरु अपनाइएका छन्। पहिलोमा वन्यजन्तुको प्राकृतिक वासस्थानमा तिनीहरुको संरक्षण गर्ने। दोस्रोमा वन्यजन्तुलाई तिनीहरुको प्राकृतिक वासस्थानमा नभई, सीमित क्षेत्रफलको भू–भागमा कृत्रिम वासस्थान निर्माण गरेर वा घेराबारामा र कृत्रिम वासस्थानमा वन्यजन्तु राखिने चिडियाखानाले पनि सामान्यतया वन्यजन्तुको संख्या बढाउने प्रजनन् केन्द्र, सङ्कटापन्न एवं लोपोन्मुख प्रजातिको संरक्षण, घाइते तथा टुहुरा वन्यजन्तुको उपचार र हेरचाह, संरक्षण शिक्षाका साथै मानव जातिको लागि आमोद–प्रमोद प्रदान गर्न सहयोग पुऱ्याउँदछ।

नेपालमा व्यक्तिगत तवरमा नै भए पनि राणा प्रधानमन्त्री जुद्ध सम्शेरले ललितपुरको जावलाखेलमा वि.सं.१९८९ मा ६ हेक्टर (१२० रोपनी) क्षेत्रफलमा चिडियाखाना निर्माण गरेर संचालनमा ल्याएका थिए। वि.सं.२००७ को राजनीतिक परिवर्तन पछि व्यक्तिगत चिडियाखानाको स्वामित्व नेपाल सरकारमा आयो। यसलाई वि.स.२०११ सालदेखि सर्वसाधारणलाई अवलोकन गर्नको लागि खुल्ला गरियो। सो चिडियाखाना वन तथा वातावरण मन्त्रालयको व्यवस्थापकीय जिम्मेवारीमा रहेकै अवस्थामा वि.स.२०५२ सालदेखि ३० वर्षको लागि व्यवस्थापन र संचालनको जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई सुम्पिएको छ। हाल सो चिडियाखाना "सदरचिडियाखाना जावलाखेल" को नामले संचालित छ। यो चिडियाखाना नै नेपालको पहिलो चिडियाखाना हो।

विगत केही वर्षदेखि वन्यजन्तु संरक्षण प्रति मानिसहरुको चासो बढ्नाले स्थानीयस्तरमा मुलुकको विभिन्न स्थानहरुमा चिडियाखानाहरु स्थापना र संचालनमा ल्याइएकाछन्। वन्यजन्तु संरक्षणसँग सम्बन्धित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा पाँचौ संशोधन वि.सं.२०७३ अगाडिसम्म चिडियाखाना स्थापना र संचालनको व्यवस्था कानूनीरुपमा थिएन्। सो ऐनको पाँचौ संशोधनबाट चिडियाखानाको स्थापना र संचालन गर्ने कानूनी आधारशिला तयार भएको छ।

## २. परिचय :

नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०७१/१०/२९ मा भक्तपुर जिल्लाको तत्कालीन गुण्डु, सिपाडोल तथा कटुन्जे गा.वि.स. अन्तर्गत रहेको सामुदायिक वनहरुमध्ये सूर्यविनायक सामुदायिक वन (४६.२५५ हेक्टर), सेतीदेवी सामुदायिक वन (४४.५०४ हेक्टर), मन्थली सामुदायिक वन (६४.८७४ हेक्टर), बालकुमारी सामुदायिक वन (१४.६७७ हेक्टर), लिखानारायण सामुदायिक वन (४०.०१४ हेक्टर), संजिवनी सामुदायिक वन (१५.०२१ हेक्टर),

तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रको (४०.५०४ हेक्टर) समेत गरी २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णय भयो । सर्वसाधारणको जानकारीको लागि नेपाल सरकारद्वारा प्रकाशित खण्ड (६४) काठमाडौं, चैत्र १६ गते, २०७१ साल (संख्या ४४) को नेपाल राजपत्रमा सूचना प्रकाशन भयो । स्रोवन क्षेत्रलाई औपचारिक रुपमा राष्ट्रिय प्राणी उद्यान स्थापना कार्य सुचारु गर्ने उद्वेश्यले मिति २०७३ आषाढ ९ गते बिहीवारका दिन सूर्यविनायक सव–डिभिजन वन कार्यालय (तत्कालीन ईलाका वन कार्यालय) भक्तपुरको प्राङ्गणमा वन तथा भू–संरक्षण मन्त्री अग्निप्रसाद सापकोटाज्यूको सभापतित्व भएको शिलान्यास समारोहमा सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूबाट शिलान्यास कार्य सु–सम्पन्न भएको थियो ।

## ३. राष्ट्रिय प्राणी उद्यान सञ्चालनको कानूनी आधारशीलाः राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका २०७२

नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट स्वीकृत मिति २०७२।४।२०

भक्तपुर जिल्लाको २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने, उक्त राष्ट्रिय प्राणी उद्यान स्थापनार्थ सम्पूर्ण व्यवस्था मिलाउन वन तथा भू–संरक्षण मन्त्रालयलाई निर्देशन दिने, राष्ट्रिय प्राणी उद्यान स्थापनाको लागि आवश्यक रकमको व्यवस्था अर्थ मन्त्रालयले गर्ने, नेपालको अन्य स्थानमा पनि यस प्रकारका राष्ट्रिय प्राणी उद्यानहरुको आवश्यकता र सम्भाव्यताको आधारमा स्थापना गर्ने कार्य अगाडि बढाउन वन तथा भू–संरक्षण मन्त्रालयलाई निर्देशन दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७१/१०/२९ मा भएको निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा उक्त केन्द्र सञ्चालनको लागि निर्देशिका बनाइ कार्यान्वयन गर्नुपर्ने आवश्यकता भएको हुँदा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७२/४/२० को निर्णयानुसार यो निर्देशिका बनाई लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "राष्ट्रिय प्राणी उद्यान केन्द्र संचालन निर्देशिका, २०७२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले निर्देशन समितिको अध्यक्ष सम्भनु पर्छ।

(ख) "राष्ट्रिय प्राणी उद्यान" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्धेश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान वा अन्तरराष्ट्रिय प्रचलन अनुसार स्थापना गरिने प्राणी उद्यान (नेसनल जुलोजिकल गार्डेन) लाई सम्भनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले वन तथा भू–संरक्षण मन्त्रालय सम्भनु पर्छ।

(घ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्भनु पर्छ।

(ङ) "सदस्य" भन्नाले निर्देशन समितिको सदस्य सम्भनु पर्छ र सो शब्दले निर्देशन समितिको अध्यक्ष समेतलाई जनाउछ।

(च) "सदस्य सचिव" भन्नाले निर्देशन समितिको सदस्य सचिव सम्भनु पर्छ।

(छ) "केन्द्र" भन्नाले दफा ३ बमोजिम तोकिएको राष्ट्रिय प्राणी उद्यान केन्द्र सम्भनु पर्छ।

(ज) "निर्देशन समिति" भन्नाले दफा ४ बमोजिमको राष्ट्रिय प्राणी उद्यान केन्द्र संचालन निर्देशन समिति सम्भनु पर्छ।

**३. राष्ट्रिय प्राणी उद्यान केन्द्र** : (१) मन्त्रिपरिषद्को मिति २०७१।१०।२९ को निर्णयानुसार राष्ट्रिय प्राणी उद्यान स्थापना तथा संचालन गर्नको लागि सचिवालयको रुपमा काम गर्न राष्ट्रिय प्राणी उद्यान केन्द्र तोकिने छ।

(२) उपदफा (१) बमोजिम तोकिएको केन्द्र रहने स्थानको निर्धारण निर्देशन समितिको निर्णय बमोजिम हुनेछ।

**४. निर्देशन समिति** : राष्ट्रिय प्राणी उद्यान स्थापना एवं संचालन गर्नको लागि नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, समन्वय तथा अनुगमन गर्ने उद्धेश्यले देहायबमोजिमको "राष्ट्रिय प्राणी उद्यान केन्द्र संचालन निर्देशन समिति" रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय, | - अध्यक्ष |
| (ख) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | - सदस्य |
| (ग) सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) महानिर्देशक, वन विभाग | - सदस्य |
| (ङ) महानिर्देशक, वनस्पति विभाग | - सदस्य |
| (च) महानिर्देशक, पशु सेवा विभाग | - सदस्य |
| (छ) निर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोष | - सदस्य |
| (ज) भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका प्रमुख | - सदस्य |
| (झ) मन्त्रालयले तोकेको नेपाल वन सेवाको राजपत्रांङ्कित प्रथम श्रेणीको अधिकृत | - सदस्य-सचिव |

**५. निर्देशन समितिको काम कर्तव्य र अधिकार** : यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तब्य र अधिकारको अतिरिक्त निर्देशन समितिको काम, कर्तय र अधिकार देहायबमोजिम हुनेछ :-

(क) राष्ट्रिय प्राणी उद्यानको संचालन र व्यवस्थापनका लागि आवश्यक नीति, रणनीति, गुरुयोजना तथा व्यवस्थापन योजना बनाउने र कार्यान्वयन गर्ने, गराउने,

(ख) देशका विभिन्न स्थानमा प्राणी उद्यान स्थापना गर्नु पर्ने देखिएमा आवश्यकताको पहिचान गरी निर्णयको लागि मन्त्रालयमा सिफारिस गर्ने, र सोको अनुगमन तथा नियमन गर्ने गराउने।

(ग) राष्ट्रिय प्राणी उद्यानको संचालन एवं व्यवस्थापन गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति तथा प्रविधिको विकास र वित्तीय स्रोत जुटाउन पहल गर्ने,

(घ) प्राणी उद्यानको व्यवस्थापन तथा समन्वय गर्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा सम्पर्क निकायको रुपमा काम गर्ने,

(ङ) समस्याग्रस्त, घाइते, अपाङ्ग एवं टुहुरा वन्यजन्तुको उद्धार, उपचार, र पुनर्स्थापना गर्न गराउन आवश्यक पर्ने जनशक्ति तथा स्रोतसाधन उपलब्ध गराउने,

(च) संकटापन्न सूचीमा रहेका वन्यजन्तुको परस्थानीयरुपमा पालन, प्रजनन् र पुनर्स्थापना गर्ने कार्यका लागि सम्बद्ध निकायसँग समन्वय तथा पहल गर्ने,

(छ) प्राणी उद्यानको मापदण्ड तयार गरी नेपाल सरकारको स्वीकृतिको लागि सिफारिस गर्ने,

(ज) प्राणी उद्यानको प्रवेश दस्तूर तोक्ने निर्णयका लागि नेपाल सरकारमा सिफारिस गर्ने,

(झ) प्राणी उद्यान तथा वन्यजन्तु संरक्षणसँग सम्बन्धित संस्था वा निकायको मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिससाथ पेश गर्ने तथा सम्बन्धित संस्था वा निकायलाई निर्देशन दिने,

(ञ) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने गराउने।

**६. निर्देशन समितिको बैठकसम्बन्धी कार्यविधि :**

(१) निर्देशन समितिको बैठक प्रत्येक चार महिनामा एक पटक बस्नेछ। तर आवश्यकता भएमा निर्देशन समितिको बैठक सोभन्दा बढी पटक पनि बस्न सक्नेछ।

(२) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले समितिको बैठक बोलाउने छ।

(३) निर्देशन समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) निर्देशन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मतसमेत दिनेछ।

(५) निर्देशन समितिको बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गरिनेछ।

(६) निर्देशन समितिको बैठकमा सम्बन्धित पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(७) निर्देशन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि निर्देशन समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**७. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तब्य र अधिकारका अतिरिक्त सदस्य–सचिवको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

(ख) सचिवालयको प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) वार्षिक वजेट कार्यक्रम तथा योजना तयार गरी स्वीकृतिका लागि निर्देशन समिति समक्ष पेश गर्ने,

(घ) निर्देशन समितिबाट स्वीकृत वार्षिक कार्यक्रम तथा योजना कार्यान्वयन गर्ने गराउने,

(ङ) वार्षिक प्रतिवेदन तयार गरी निर्देशन समिति समक्ष पेश गर्ने,

(च) राष्ट्रिय प्राणी उद्यानको काम कारवाहीसम्बन्धमा अन्य निकायसँग समन्वय गर्ने,

(छ) निर्देशन समितिबाट अधिकार प्रत्यायोजन भएबमोजिमका अन्य कार्य गर्ने,

(ज) निर्देशन समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(झ) निर्देशन समितिले तोकिदिएबमोजिमका अन्य काम गर्ने गराउने।

**८. निर्देशन समितिले निर्धारण गरेको नीति, रणनीति तथा निर्देशन पालना गर्नुपर्ने** : निर्देशन समितिले निर्धारण गरेको नीति, रणनीति तथा निर्देशन पालना गर्नु सम्बद्ध सबै निकायको कर्तव्य हुनेछ।

**९. सचिवालय:**

(१) निर्देशन समितिको निर्णयबमोजिमको दैनिक प्रशासनिक काम कारबाहीमा लागि राष्ट्रिय प्राणी उद्यान केन्द्रले सचिवालयको काम गर्नेछ।

(२) सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) निर्देशन समितिले सम्पादन गर्ने काम कार्यबाहीमा निर्देशन समितिलाई सहयोग पुऱ्याउने,

(ख) बैठकको लागि प्रस्ताव तयार गर्ने,

(ग) निर्देशन समितिको निर्णय कार्यान्वयन गर्ने,

(घ) निर्देशन समितिबाट तोकिएबमोजिमका अन्य काम गर्ने।

**१०. केन्द्रको लागि कर्मचारी खटाउन सक्ने :** राष्ट्रिय प्राणी उद्यान केन्द्रको नियमित काम कारवाही संचालन गर्नको लागि मन्त्रालयले नेपाल सरकारका कर्मचारीलाई जिम्मेवारी तोक्न वा काजमा खटाउन सक्नेछ।

**११. केन्द्रको वार्षिक बजेट व्यवस्था :**

(१) राष्ट्रिय प्राणी उद्यान केन्द्रको लागि आवश्यक बजेटको व्यवस्था नेपाल सरकारको नियमित बजेटबाट व्यवस्थापन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रको कार्य सञ्चालनको लागि आवश्यक रकम देहायबमोजिमका स्रोतबाट समेत व्यवस्थापन गर्न सकिनेछ :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ संस्था वा निकायबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, संघ सस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम विदेशी सरकार, संघ सस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको राष्ट्रिय प्राणी उद्यान केन्द्रको नाममा रहने रकम निर्देशन समितिले तोकेको बैंक तथा वित्तीय संस्थासम्बन्धी प्रचलित कानूनबमोजिम वित्तीय कारोबार गर्न स्थापना भएको "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) केन्द्रको खाताको संचालन सदस्य–सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखतबाट हुनेछ।

**१२. लेखा र लेखा परीक्षण :**

(१) केन्द्रको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचाबमोजिम राखिने छ।

(२) केन्द्रको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१३. निर्देशन दिन सक्ने :** मन्त्रालयले यस निर्देशिकाको कार्यान्वयन गर्न निर्देशन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यसरी दिइएको निर्देशन पालना गर्नु निर्देशन समितिको कर्तव्य हुनेछ।

**१४. प्रतिवेदन पेश गर्ने :**

(१) निर्देशन समितिले वर्षभरिमा आफूले सम्पादन गरेका मुख्य मुख्य काम कारवाहीहरु, कार्यान्वयन गरेको योजना तथा कार्यक्रम र सो अनुसार सम्बन्धित सरोकारवाला निकायहरुबाट भएका काम तथा हासिल गरेका उपलब्धीसमेत समावेश भएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन निर्देशन समितिको निर्णय अनुसार केन्द्रले सार्वजनिक गर्नेछ।

## ४. आ.व.२०७५/०७६ को वार्षिक कार्यक्रम, मुख्य क्रियाकलापहरु र प्रगति विवरण:

### ४.१ पूँजीगत खर्च शीर्षकअन्तर्गतका कार्यक्रमहरु

| क्र.सं. | क्रियाकलाप (Activity) विवरण | इकाई | आ.व.२०७५/०७६ को (रकम रु.लाखमा) | | | | | | वित्तीय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | | |
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | | |
| ४.१.१ | मुख्य कार्यालय भवन निर्माण (बहुवर्षीय) | वटा | १ | ६४.१२ | ४०० | १ | ६४.१२ | ३६१.०१ | ९०.२५ | ४३.९२ रकम मोबिलाईजेसन कट्टा गरी फछ्र्योट हुँदा आर्थिक प्रगति कम देखिएको। |
| ४.१.२ | कार्यालय फर्निचर खरीद | पटक | १ | ०.३२ | २ | १ | ०.३२ | २ | १०० | |
| ४.१.३ | कार्यालय कम्पाउण्डवाल निर्माण | वटा | १ | १९.२४ | १२० | १ | १९.२४ | १०९.०३ | ९०.८६ | |
| ४.१.४ | पार्किङस्थल व्यवस्थापन | पटक | १ | ०.८० | ५ | १ | ०.८० | ४.७७ | ९५.४० | |
| ४.१.५ | सिमाना सडकको डि.पि.आर.तयार | कि.मि. | १६ | ३.२१ | २० | १६ | ३.२१ | १८.३२ | ९१.६० | |
| ४.१.६ | वन्यजन्तुको उद्धारको लागि केज निर्माण | वटा | ३ | ०.४८ | ३ | ३ | ०.४८ | २.८१ | ९३.६७ | |
| | | | | जम्मा रकम | ५५० | | | ४९७.९४ | | |

## ४.२. चालु खर्च शीर्षकअन्तर्गतका कार्यक्रमहरु

| क्र.सं. | क्रियाकलाप (Activity) विवरण | इकाई | आ.व.२०७५/०७६ को (रकम रु.लाखमा) | | | | | | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | |
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| ४.२.१ | संरक्षणसम्बन्धी अन्तरक्रिया गोष्ठी | पटक | ३ | ०.१७ | १.०६ | ३ | ०.१७ | १.०५ | ९९.०६ |
| ४.२.२ | होमस्टे व्यवस्थापन सम्बन्धी तालिम | पटक | १ | ०.४८ | ३ | १ | ०.४८ | २.९९ | ९९.६७ |
| ४.२.३ | अतिक्रमित बस्ती व्यवस्थापन समन्वय बैठक | पटक | ४ | ०.३२ | २ | ४ | ०.३२ | २ | १०० |
| ४.२.४ | इको क्लब गठन र अभिमुखीकरण तालिम | पटक | २ | ०.१६ | १ | ४ | ०.१६ | १ | १०० |
| ४.२.५ | संरक्षणसम्बन्धी स्कूल शिक्षा कार्यक्रम | पटक | २५ | ०.१० | ०.६३ | २५ | ०.१० | ०.६३ | १०० |
| ४.२.६ | वार्षिक प्रतिवेदन प्रकाशन | प्रति | १००० | ०.२४ | १.५ | १००० | ०.२४ | १.५ | १०० |
| ४.२.७ | ब्रोसियर, लिफ्लेट प्रकाशन | संख्या | ५००० | ०.३२ | २ | १५००० | ०.३२ | २ | १०० |
| ४.२.८ | जैविक विविधता चेकलिष्ट/प्रोफाईल तयार | पटक | १ | ०.४८ | ३ | १ | ०.४८ | ३ | १०० |
| ४.२.९ | नियमावली (मस्यौदा) तयार | वटा | १ | ०.१६ | १ | १ | ०.१६ | १ | १०० |
| ४.२.१० | कार्यालयको वेब साइट तयार तथा सञ्चालन | वटा | १ | ०.१६ | १ | १ | ०.१६ | १ | १०० |
| ४.२.११ | प्राणी उद्यान सम्भाव्यता अध्ययन | क्षेत्र | १ | २.४० | १५ | १ | २.४० | १४.८५ | ९९ |
| ४.२.१२ | मिनी जू अनुगमन, अभिलेखीकरण | निरन्तर | १ | ०.८० | ५ | १ | ०.८० | ५ | १०० |
| जम्मा रकम | | | | | ३६.१९ | | | ३६.०२ | |
| पूँजीगत तथा चालु कार्यक्रम खर्च जम्मा | | | | | ५८६.१९ | | | ५३३.९६ | |
| उपभोग तथा कार्य संचालन खर्च | | | | | ३७.६२ | | | ३१.६० | |
| कूल जम्मा | | | | | ६२३.८१ | | | ५६५.५६ | |

## ४.१ पूँजीगत खर्च शीर्षक अन्तर्गतका कार्यक्रमहरु

### ४.१.१ मुख्य कार्यालय भवन निर्माण :

राष्ट्रिय प्राणी उद्यानको मुख्य कार्यालय भवन निर्माण कार्य बहुवर्षीय कार्यक्रममा समावेश भई २०७४/३/२७ मा श्री समानान्तर निर्माण सेवा प्रा.लि., खरेलथोक–६, काभ्रेसँग ठेक्का सम्झौता भएको थियो। चालु आ.व.२०७६/०७७ को पहिलो चौमासिकमा २०७६/७/२६ मा निर्माण कम्पनीले भवन निर्माण सम्पन्न गरी राष्ट्रिय प्राणी उद्यानलाई हस्तान्तरण गर्ने सम्झौता छ । कार्यालय भवन निर्माणस्थल सूर्यविनायक मन्दिरभन्दा पश्चिम र सूर्यविनायकस्थित नेपाली सेनाको ब्यारेकभन्दा पूर्वपट्टि तीनधारामा रहेको छ । मुख्य कार्यालय भवनस्थलमा कार्यालय भवन ३९९० वर्ग फिट, क्यान्टिन भवन १५०० वर्ग फिट र ग्यारेज भवन १७२० वर्ग फिट गरी कूल जम्मा ७२१० वर्ग फिट क्षेत्रफल भएका संरचना निर्माण भएको छ। निर्माण सम्पन्न भएपश्चात् आफ्नै भवनबाट उद्यानको दैनिक प्रशासनिक एवं अन्य व्यवस्थापकीय कार्य सम्पादनमा सहज हुनेछ।





### ४.१.२ कार्यालय फर्निचर खरीद :

राष्ट्रिय प्राणी उद्यानको मुख्य कार्यालय भवन निर्माण भएपश्चात् कार्यालय प्रयोजनमा आवश्यक फर्निचरमध्ये केही फर्निचर खरीद गरिएको छ।

### ४.१.३ कार्यालय कम्पाउण्ड वाल निर्माण :

सूर्यविनायक स्थित तीनधारामा रहेको राष्ट्रिय प्राणी उद्यानको निर्माणाधिन मुख्य कार्यालय भवनको पूर्वतर्फ भिरालोपनाबाट हुने भू–क्षय नियन्त्रण र घेराबारको लागि ईँटा, ढुङ्गा–सिमेन्टको पक्की वाल र सोमाथि फलामे रेलिङ्ग निर्माण गरिएको छ।

### ४.१.४ सिमाना सडकको डि.पि.आर. तयार :

राष्ट्रिय प्राणी उद्यान क्षेत्रभित्र र सिमानामा निर्माण गरिने मुख्य सडक, भित्री सडक, गोरेटो बाटो निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report (DPR)) तयार गर्न (परामर्श सेवा लिन) परामर्शदाता छनौट गरी कुन क्षेत्रमा कस्तो प्रकृतिको सडक निर्माण गर्ने, आवश्यक पर्ने पूल पूलेसा, लागतसमेतको अध्ययन गरी सो सडकको डि.पि.आर. तयार गरिएको छ। डि.पि.आर. तयार गर्नको लागि डिजिकन इञ्जिनियरिङ्ग कन्सल्टेन्सीसँग सम्झौता गरिएको थियो।

### ४.१.५ वन्यजन्तु उद्धारको लागि केज निर्माण :

प्राकृतिक वासस्थान भन्दा बाहिर रहेका घाईते, टुहुरा, समस्याग्रस्त तथा दीर्घ रोगी वन्यजन्तुलाई उद्धार तथा उपचारका लागि सुरक्षिततवरले ओसारपसार गर्न Stainless Steel को विभिन्न आयामका ३ वटा खोरहरु (केज) निर्माण गरिएका छन्। यसको प्रयोगबाट साना आकारका शाकाहारी वन्यजन्तु, साना आकारका माँसाहारी वन्यजन्तु र ठूलो आकारका माँसाहारी वन्यजन्तुलाई उद्धारका लागि सहज हुने छ।

### ४.१.६ पार्किङ्गस्थल व्यवस्थापन :

राष्ट्रिय प्राणी उद्यानको खहरेमा निर्माणाधिन वन्यजन्तु उद्धार केन्द्रको दक्षिणपट्टि दुई वटा पार्किङ्गस्थल निर्माण गरिएको छ । उद्यान सञ्चालनमा आएपछि पर्यटकीय सेवालाई ध्यानमा राखी खहरे प्रवेशद्वारबाट प्रवेश गर्ने आगन्तुकका सवारी साधन पार्किङ्ग गर्न सहज हुने छ।

**व्यवस्थापन अगाडि** | **व्यवस्थापन पश्चात**









## ४.२ चालु शीर्षकअन्तर्गतका कार्यक्रमहरु:

### ४.२.१ संरक्षणसम्बन्धी अन्तरक्रिया/गोष्ठी :

जैविक विविधता संरक्षणमा प्रभावकारिता ल्याउनको लागि स्थानीय जनसहभागिता र सरोकारवालाहरुको सहभागिता गराउने प्रभावकारी विधि संरक्षण शिक्षा, समन्वय बैठक अन्तरक्रिया गोष्ठी, छलफल कार्यक्रमहरु हुन्। गोष्ठीहरुको आयोजना गर्दा राष्ट्रिय प्राणी उद्यान, प्राणी उद्यान, चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र एवं वन्यजन्तु अस्पताल नियमावली, २०७६ को मस्यौदाहरु तयार पार्न सरोकारवालाहरुको महत्वपूर्ण सुझावहरु प्राप्त भयो।









### ४.२.२ होम स्टे व्यवस्थापनसम्बन्धी तालिम :

राष्ट्रिय प्राणी उद्यान आसपासका स्थानीय वासिन्दालाई पर्यटन प्रवर्द्धनमा आकर्षण गरि दिगो पर्यटनको विकास गर्दै यस उद्यानलाई टेवा पुऱ्याउने उद्धेश्यले सूर्यविनायक नगरपालिका वडा नं.६, ७ र ८ का घरवास (होम स्टे) संचालन गर्न इच्छुक सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएका व्यक्तिलाई सहभागी गराई होम स्टे व्यवस्थापन तथा पाकशिक्षासम्बन्धी ७ दिने तालिम मिति २०७६/२/२३ गतेदेखि २०७६/२/२९ गतेसम्म सूर्यविनायक रिसोर्ट चुनदेवी हाइटमा सम्पन्न गरिएको थियो। होमस्टे तालिममा सहभागी ३० जना प्रशिक्षार्थीहरुलाई राष्ट्रिय होटल तथा पर्यटन व्यवस्थापन प्रतिष्ठानसँग सहकार्य गरि विषय विज्ञ प्रशिक्षकद्वारा स्थानीय उत्पादनलाई पकाउने तरिका, अतिथि/पाहुना/पर्यटकलाई सत्कार गर्ने तौरतरिका, सत्कार, गृहको सरसफाई, सरसफाईमा ध्यान दिनुपर्ने आधारभूत कुरा एवं आचरणसमेतमा प्रशिक्षण दिइएको थियो।









### ४.२.३ अतिक्रमण वस्ती व्यवस्थापन :

राष्ट्रिय प्राणी उद्यानको  सिमा क्षेत्रभित्र पर्ने सूर्यविनायक नगरपालिका वडा नं.७ मन्थलीस्थित २०३५ सालको बाढीबाट विस्थापित भएका घर परिवारले चर्चेको जमीनमा भएका ३० वटा घर, गोठहरुलाई व्यवस्थापन गर्न तथ्याङ्क संकलन तथा भौतिक मूल्याङ्कन गर्न, स्थानीयस्तर र जिल्लास्तरमा समन्वय बैठक सम्पन्न भयो।

स्थानीयस्तरमा समन्व छलफल, जिल्लास्थित सरोकारवाला निकायसँग जिल्ला प्रशासन कार्यालय भक्तपुरमा समन्वय बैठक तथा सूर्यविनायक नगरपालिकाका जनप्रतिनिधिहरुसँग छलफल एवं समन्वय बैठक सम्पन्न गरियो। ती ३० घर, गोठका भौतिक संरचनाहरुले चर्चेको क्षेत्रलाई नापी कार्यालयको प्राविधिक टोलीले नापजाँच गरि क्षेत्रफल यकीन गरेर प्रतिवेदन पेश गरेको थियो। त्यस्तै भूकम्प पुनःनिर्माण प्राधिकरण जिल्ला कार्यान्वयन इकाई, भक्तपुरका प्राविधिकबाट घर, गोठको भौतिक मूल्याङ्कन तथा भत्काउन र ढुवानी खर्चको अनुमान विवरण तयार भएको छ। यसबाट मन्थलीस्थित राष्ट्रिय प्राणी उद्यानको  सिमा क्षेत्रभित्र पर्ने उक्त ३० घर, गोठलाई व्यवस्थापन गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्न सहज हुने छ।

**प्रमुख जिल्ला अधिकारीबाट अतिक्रमित बस्ती अनुगमन**



**सूर्यविनायक नगरपालिका प्रमुखबाट अतिक्रमित बस्ती व्यवस्थापनबारे छलफल**



राष्ट्रिय प्राणी उद्यान घोषणा हुनु पूर्व विभिन्न कारणले आफ्नो हकभोग कायम नभएको उद्यानको क्षेत्रभित्रको वनको जग्गामा बनाइएका घर, टहरा, छाप्रो, विद्यालय, सार्वजनिक संरचनाको संख्यात्मक विवरण तपसिल अनुसार छ।

**तपसिल :**

१. सिपाडोलको गुञ्जाडोल : विद्यालय भवन (१)–१, साविक सा.व.उ.स.भवन–१, टहरा–४
२. घ्याम्पेडाँडा : विद्यालय (१) भवन –२
३. पाइलट बाबा आश्रम प्रवेशद्वार अगाडि : जस्ताको छानो र भित्ता भएको टहरा–१७
४. मन्थली गाँउ : घर, टहरा–४८
५. कार्की गाँउ : विद्यालय–१, घर, टहरा–११

कूल जम्मा : ८४ वटा।









### ४.२.४ इको क्लव गठन र अभिमुखीकरण तालिम :

वन्यजन्तु संरक्षणसम्बन्धी ज्ञान तथा संरक्षण गतिविधिबारे विद्यालयस्तरका विद्यार्थी भाइबहिनीहरुलाई जानकारी गराउन र सँगठित गर्ने अभिप्रायले राष्ट्रिय प्राणी उद्यानका आसपासमा रहेका ४ वटा सामुदायिक माध्यामिक विद्यालयमा इको क्लव गठन गरियो । यसरी गठित इको क्लवका विद्यार्थी पदाधिकारी तथा अन्य विद्यार्थी भाइबहिनीहरुलाई इको क्लव संचालन तथा यसको महत्वबारे अभिमुखीकरण तालिम दिइएको थियो । सूर्यविनायक नगरपालिका वडा नं.६, ७ र ८ मा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमध्ये माध्यमिकस्तरका गणेश माध्यमिक विद्यालय, ज्योति माध्यमिक विद्यालय, सुवर्णेश्वर माध्यमिक विद्यालय र शान्ति निकेतन आवासीय माध्यमिक विद्यालयमा ईको क्लब गठन गरिएको छ ।








### ४.२.५ संरक्षणसम्बन्धी स्कूल शिक्षा कार्यक्रम :

राष्ट्रिय प्राणी उद्यानका आसपास सूर्यविनायक नगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी भाइबहिनीहरुलाई संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न जैविक विविधता संरक्षण अभ्यास पुस्तिका १००० प्रति छपाइ गरेर वितरण गरियो।

### ४.२.६ वार्षिक प्रगति प्रतिवेदन प्रकाशन :





राष्ट्रिय प्राणी उद्यान स्थापना भएपश्चात् प्राणी उद्यानले आर्थिक वर्षअनुसार गरेका गतिविधि तथा कार्यक्रमहरु र प्रगतिबारे स्थानीय जनता तथा सरोकारवाला सबैलाई जानकारी गराउने ध्येयले आर्थिक वर्ष २०७२/०७३, २०७३/०७४ र २०७४/०७५ समेत ३ आर्थिक वर्षको वार्षिक कार्यक्रम प्रगति तथा अन्य गतिविधि समेटि वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। उक्त प्रगति प्रतिवेदन प्रकाशनपश्चात् राष्ट्रिय प्राणी उद्यान स्थापना, उद्धेश्य, कानूनी आधारशिला, वार्षिक कार्यक्रमअनुसारको प्रगति तथा अन्य गतिविधिबारे स्थानीय जनता, तथा सरोकारवालालाई सूचना तथा जानकारी प्राप्त हुनेछ।

### ४.२.७ ब्रोसिय लिफ्लेट प्रकाशन :



संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न एवं पर्यापर्यटनलाई सघाउ पुऱ्याउन राष्ट्रिय प्राणी उद्यानको चिनारी, यस क्षेत्र र आसपासको जैविक विविधताको अवस्था एवं पर्यटकीय तथा दर्शनीय स्थल तथा स्रोत नक्सासमेत भएको ब्रोसियर प्रकाशन गरिएको छ। प्रकाशन गरिएको १५००० प्रति ब्रोसियर आसपासका सामुदायिक तथा निजी विद्यालय, स्थानीय तह तथा अन्य सरोकारवाला निकायलाई वितरण गरियो।

### ४.२.८ जैविक विविधता चेक लिष्ट/प्रोफाइल तयार :




राष्ट्रिय प्राणी उद्यानमा पाइने वनस्पति तथा वन्यजन्तुको सूची (चेक लिष्ट) तयार गर्न राष्ट्रिय प्रकृति संरक्षण कोषको प्राविधिक सहयोग परामर्श सेवामा Conservation Development Foundation, Nepal (CODEFUND) को सहयोगमा वन्यजन्तुको लागि वन क्षेत्रमा स्वचालित क्यामेरा जडान र वनस्पतिक प्रजातिको लागि नमूना प्लट बनाइ विज्ञहरुबाट अध्ययन गरिएको थियो। यस अध्ययनबाट सारांशमा राष्ट्रिय प्राणी उद्यान क्षेत्रभित्र पाइने वनस्पति प्रजाति–६७८ र वन्यजन्तु प्रजाति–१८५ (स्तनधारी–१५, चरा–९५ र पुतली–७५) रहेको अभिलेखीकरण  गरियो।


### ४.२.९ नियमावली मस्यौदा तयार :

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को पाँचौ संशोधन (२०७३/१२/१७) ले दफा १५  (ग) मा चिडियाखाना वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने व्यवस्था गरेको छ। सोहीअनुसार नियमावली तर्जुमा गर्न "राष्ट्रिय प्राणी उद्यान, प्राणी उद्यान, चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल व्यवस्थापन नियमावली, २०७६" को मस्यौदा तयार गरियो। प्रस्तावित मस्यौदामाथि विज्ञ एवं स्थानीय सरोकारवाला, सरोकारवालाहरुको सुझाव, सल्लाह परामर्श लिई अन्तिम रुप दिइएको छ।

### ४.२.१० कार्यालयको वेभसाईट तयार तथा सञ्चालन :

राष्ट्रिय प्राणी उद्यानको आधिकारिक वेभसाईट तयार गरी कार्यालयका सम्पूर्ण गतिविधिहरुलाई विद्युतीय माध्यमद्वारा प्रकाशन गरिएको छ। राष्ट्रिय प्राणी उद्यानको बारेमा वेभसाईट पेज *www.nationalzoologicalgarden.gov.np* मा हेर्न सकिन्छ।

### ४.२.११ प्राणी उद्यान सम्भाव्यता अध्ययन/सर्वेक्षण :



नेपालको सातै प्रदेशका विभिन्न भूगोलमा प्राणी उद्यानको स्थापना गर्नको लागि सम्भाव्यता अध्ययन/सर्वेक्षण गर्ने नेपाल सरकारको लक्ष्य अनुरुप यस आ.व.मा प्रदेश नं.३ को प्रदेशस्तरको प्राणी उद्यान स्थापना र संचालन गर्नको लागि मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिकाको वडा नं.११ स्थित नवलपुर (बसामाडी) सरस्वती सामुदायिक वन क्षेत्रमा रहेको शहीद स्मारक/चिडियाखानाको परामर्शदाता Conservation Development Foundation, Nepal (CODEFUND)  को प्राविधिक सहयोगमा सम्भाव्यता अध्ययन  गरियो।

### ४.२.१३ मिनी जु अभिलेखीकरण :


राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को पाँचौं संशोधन (२०७३/१२/१७) भएपश्चात् स्थानीयस्तरमा समेत चिडियाखाना स्थापना एवं संचालन गर्न सकिने व्यवस्था छ। स्थानीयस्तरमा संचालन भएका चिडियाखानाहरुको अभिलेखीकरण र अनुगमन गर्नको लागि प्राणी उद्यानका कर्मचारीहरुबाट तोकिएको ढाँचामा विवरण/अभिलेख लिने काम भएको छ। यसरी स्थानीयस्तरमा संचालन भएका अधिकांश चिडियाखाना सामुदायिक वन क्षेत्रभित्र रहेकाछन्। चिडियाखानाको सुरुवात असहाय, टुहुरा, बिरामी तथा घाइते वन्यजन्तुलाई उद्धार गरी जीवन रक्षार्थ राखिएका स्थानहरुले नै चिडियाखानाको रुप लिएको पाईन्छ। यस आ.व.मा नेपालका विभिन्न भूगोलमा रहेका मिनी जुहरु अनुगमन गरी संकलन गरिएका तथ्याङ्कलाई प्रविष्ट गरि “नेपालका मिनी जु अनुगमन प्रतिवेदन” प्रकाशन गरिएको छ। मिनी जु अनुगमनका उद्धेश्यहरु बुँदागतरुपमा तपशिलमा उल्लेख गरिएको छ।

(क) नेपालका मिनी जुहरुको अवस्थाबारे विवरण संकलन गर्ने।

(ख) मिनी जु मा भएका वन्यजन्तुको अवस्थाबारे अनुगमन गर्ने।

(ग) मिनी जु व्यवस्थापनमा देखिएका समस्याहरुबारे अध्ययन गर्ने।

(घ) आगामी दिनहरुमा उचित तरिकाले वन्यजन्तुको खोर एवं बारबन्देजको अवस्था, हेरचाह, आहारा, स्वास्थ्य परीक्षण तथा कार्यालय व्यवस्थापनको अवस्था आँकलन गरी सुधार गर्नुपर्ने पक्षहरुमा सल्लाह एवं निर्देशन दिने।



## ५. वन्यजन्तु उद्धार केन्द्र स्थापना एवं सञ्चालन सम्झौता :

## राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुरमा वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन गर्ने सम्झौता

नेपाल सरकार वन तथा भू– संरक्षण मन्त्रालय (मा. मन्त्रिस्तर) बाट मिति २०७२/४/२० मा स्वीकृत भएको राष्ट्रिय प्राणी उद्यान केन्द्र संचालन निर्देशिका, २०७२ र नेपाल राजपत्र खण्ड ६४ काठमाडौं, चैत्र १६,२०७१ साल संख्या ४४ बमोजिम घोषित भक्तपुर जिल्लाको सूर्य विनायक र अनन्तलिङ्गेश्वर नगरपालिकाको आंशिक भूभागमा फैलिएको २४५.१६५ हेक्टर क्षेत्रफल भएको "राष्ट्रिय प्राणी उद्यानको" दक्षिण पश्चिम भागको १४.२९ हेक्टर भूभाग वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि २०७३ को दफा ७ (क) अनुसार वन्यजन्तु उद्धार केन्द्रको स्थापना र सञ्चालनको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (यस पछि विभाग उधृत गरिने) र राष्ट्रिय प्रकृति संरक्षण कोष (यस पछि कोष उधृत गरिने) बीच तपसिलका शर्त एवं सिमाहरुको परिधिभित्र रही वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन (निर्माण एवं सञ्चालन) गर्ने विभाग र कोष सहमत भई यो सम्झौतामा हस्ताक्षर गरी कार्यान्वयनमा ल्याइएको छ।

### तपसिल :

शर्त एवं सिमाहरु :

१. कोषले राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुरमा (१४.२९हे.) घाइते तथा अशक्त, टुहुरा, बिरामी र समस्यामा परेका वन्यजन्तुको व्यवस्थापनका लागि वन्यजन्तु उद्धार केन्द्र (Wildlife Rescue Center) को रूपमा निर्माण र संचालन एवं अध्ययन अनुसन्धान गर्नेछ।

२. राष्ट्रिय प्राणी उद्यानको स्वामित्वमा रहेको वन क्षेत्रको कोषले चर्चिने क्षेत्रको रुख विरुवाहरु सिमानाको जालीदार तारबार अब निर्माण हुने र थपिने संरचनाको स्वामित्व नेपाल सरकारको हुनेछ। कोषले अचल सम्पत्ति र भौतिक संरचनाहरु कुनै पनि प्रकारबाट हक हस्तान्तरण वा बन्धकमा दिन पाउने छैन। उद्धार केन्द्रमा रहेका काम नलाग्ने र अनावश्यक देखिएका चल सम्पत्ति विभागको सहमति लिई नियमानुसार कोषले लिलाम बिक्री गर्ने छ।

३. कोषले वन्यजन्तु उद्धार केन्द्रको आवश्यक विकासको लागि वन्यजन्तु उद्धार केन्द्रको व्यवस्थापन कार्य योजना तयार गरी विभागको सहमति लिएर संचालन गर्नु पर्नेछ।

४. वन्यजन्तु उद्धार केन्द्रको व्यवस्थापन, योजना तर्जुमा र सो अनुरुप संचालनका लागि कोषले एक छुट्टै वन्यजन्तु उद्धार केन्द्रको कोष (Fund) स्थापना गर्नु पर्नेछ। यस कोष (Fund) मा निम्न अनुसारका रकमहरू रहनेछन्। केन्द्रको स्थापना र सञ्चालनका लागि देहायको स्रोतबाट रकम प्राप्त गरी परिचालन गरिनेछ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम (वार्षिक कार्यक्रममा समावेश गरी अनुदान उपलब्ध गराउन सक्ने),

(ख) राष्ट्रिय प्रकृति संरक्षण कोषबाट प्राप्त रकम,

(ग) जैविक विविधता संरक्षण क्षेत्रमा संलग्न विभिन्न संघ, संस्थाबाट प्राप्त रकम,

(घ) अन्तर्राष्ट्रिय संघ, संस्था र दाताहरुबाट प्राप्त रकम,

(ङ) निजी क्षेत्रबाट प्राप्त रकम,

(च) केन्द्र प्रवेश शुल्कबाट प्राप्त हुने रकम,

(छ) स्थानीय तह (नगरपालिका) बाट प्राप्त हुन सक्ने अनुदान,

(ज) अन्य स्रोतबाट प्राप्त हुने रकम आदि।

५. वन्यजन्तु उद्धारको प्रयोजनको लागि आवश्यक हुने वन्यजन्तु विभाग र कोष दुवै पक्षको मन्जुरीमा नेपाल सरकारले निःशुक्ल उपलव्ध गराउन सक्नेछ।

६. उद्धार केन्द्रमा वन्यजन्तुको अवस्थाको यथार्थ अभिलेख (दैनिकरुपमा) राख्ने दायित्व कोष/केन्द्रको हुनेछ। वन्यजन्तु उद्धारको क्रममा र केन्द्रमा रहेका घाइते तथा अशक्त, टुहुरा, बिरामी र समस्यामा परेका लामो समयसम्म राख्न अनुपयुक्त देखिएका दीर्घरोगी र संक्रमणयुक्त रोग लागेका वन्यजन्तुलाई विभागको अनुसन्धान तथा प्रचार प्रसार महाशाखा प्रमुखको वा उप–महानिर्देशक संयोजकत्वमा गठित पशु चिकित्सक र प्राविधिक रहेको टोलीले औचित्यसहितको मुचुल्का तयार गरि व्यवस्थापन गर्न सक्नेछ।

टोलीको संरचना तयार

- ☐ उपमहानिर्देशक.............................................................. संयोजक
- ☐ इकोलोजिष्ट ................................................................ सदस्य
- ☐ पशु चिकित्सक.............................................................. सदस्य
- ☐ उद्धार केन्द्रको प्रमुख प्रतिनिधि/प्राविधिक .............................. सदस्य

७. वन्यजन्तु उद्धार केन्द्रमा रहेका वन्यजन्तु र तीबाट प्रजनन् हुने बच्चाहरूको स्वामित्व नेपाल सरकारको हुनेछ।

८. वन्यजन्तु उद्धार केन्द्रका वन्यजन्तुलाई, तिनीहरुको आहार विहार र आनिबानीमा खलल नपर्ने गरी वैज्ञानिक अध्ययनका लागि कोषले तोकिएको शुल्क लिई अध्ययन तथा अनुसन्धान गर्न गराउन सक्नेछ। प्राप्त शुल्कबाट १०% रकम जैविक विविधताको संरक्षण र संरक्षण शिक्षामा खर्च गर्नु पर्नेछ।

९. यो सम्झौताको अवधि सम्झौतामा हस्ताक्षर भएको मितिदेखि १५ (पन्ध्र) वर्षसम्म रहनेछ। सो पछि विभागको वार्षिक मूल्याङ्कन एवं अन्य आवश्यकताहरुको आधारमा नवीकरण गर्न सकिनेछ।

१०. विभागले यस व्यवस्थापन सम्झौताको उद्धेश्यबमोजिम वन्यजन्तु उद्धार केन्द्र सञ्चालनको बारेमा प्रत्येक वर्षमा एक पटक अनुगमन तथा मूल्याङ्कन गर्नेछ। त्यस्तै विभागले उद्धार केन्द्रको सात वर्षमा मध्यावधि मूल्याङ्कन एवं समीक्षा गर्नेछ। विभागले अनुगमन तथा मूल्याङ्कन पश्चात सुधार गर्नु पर्ने ठानेमा आवश्यक सुझाव तथा निर्देशन लिखित एवं मौखिकरुपमा दिन सक्नेछ। कोषले उद्धार केन्द्रको आर्थिक एवं अन्य कार्यको चौमासिक विवरण विभागमा उपलव्ध गराउन पर्नेछ। विभागले सो विवरण राष्ट्रिय प्राणी उद्यान केन्द्र संचालन निर्देशिका २०७२ को दफा ४ बमोजिम गठित निर्देशन समितिको पठाउनु पर्नेछ।

११. कोषले वन्यजन्तु उद्धार केन्द्रको निर्माण तथा सञ्चालनको राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ अन्तर्गत रही आम्दानी खर्चको हिसाव किताव राख्नु पर्नेछ। सोको लेखापरीक्षण सोही ऐन अन्तर्गत रही गर्नु पर्नेछ।

१२. कोषले वन्यजन्तु उद्धार केन्द्रको व्यवस्थापन, उचित सुविधा एवं आवश्यक कर्मचारीहरुको सुविधा र व्यवस्थापनको व्यवस्था आफैले गर्नु पर्नेछ।

१३. कोषले वन्यजन्तु उद्धार केन्द्रको व्यवस्थापनको जिम्मा लिए पछि वन्यजन्तु उद्धार केन्द्रको चल तथा अचल सम्पत्तिको आवश्यक सुरक्षा गर्नु पर्नेछ।

१४. "स्थलगत वन्यजन्तु उद्धार" गर्न विभागको अनुरोधलाई कोषको (केन्द्र) कर्तव्य हुनेछ।

१५. उल्लिखित बुंदाहरु जुन सुकै कुरा लेखिएतापनि कोष र विभागको आपसी सहमतिमा यस व्यवस्थापन

सम्झौतामा उल्लिखित शर्तहरूमा हेरफेर र संशोधन गर्न सकिनेछ। व्यवस्थापन सम्झौताको समयावधि समाप्त भएपछि वन्यजन्तु उद्धार केन्द्रमा बाँकी रहेको सम्पूर्ण पूर्वाधार, वन्यजन्तु, अचल सम्पत्ति व्यवस्थापन लगायत विभागको स्वामित्वमा जानेछ। यसरी स्वामित्व हस्तान्तरण हुदां उद्धार केन्द्रको नाममा कुनै वक्यौता ऋण वा अन्य जिम्मेवारीहरु नेपाल सरकारले व्यहोर्ने छैन।

१६. यो सम्झौतामा विभाग र कोषबीच कार्यान्वयन पक्षमा विवाद र द्विविधा उत्पन्न भएमा आपसी समझदारीमा हल एवं निराकरण गरिनेछ। सो हुन नसकेमा वन तथा भू–संरक्षण मन्त्रालयको निर्णय अन्तिम र दुवै पक्षमा मान्य हुनेछ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको तर्फबाट

..................................

सदस्य(सचिव)

राष्ट्रिय प्रकृति संरक्षण कोष

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तर्फबाट

..................................

महानिर्देशक

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

ईति संवत २०७३ चैत्र महिना ९ गते रोज ४ शुभम्

## ६. अस्थायी स्वीकृत दरवन्दी विवरण :

### ६.१. आ.व.२०७५/२०७६

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सह सचिव प्रा.(प्रमुख निर्देशक) | रा.प.प्र.(प्रा.) | वन | ने.पा.वा.ला. | १ | स्थायी |
| २ | उप–सचिव प्रा.(निर्देशक) | रा.प.द्वि.(प्रा.) | वन | ने.पा.वा.ला. | १ | " |
| ३ | पशु चिकित्सक | रा.प.द्वि.(प्रा.) | कृषि | भेटनरी | १ | " |
| ४ | सहायक व्यवस्थापन अधिकृत | रा.प.तृ.(प्रा.) | वन | ने.पा.वा.ला. | ३ | " |
| ५ | सहायक पशु चिकित्सक | रा.प.तृ.(प्रा.) | कृषि | भेटनरी | १ | " |
| ६ | रेञ्जर | रा.प.अनं.प्र.(प्रा.) | वन | ने.पा.वा.ला. | ३ | " |
| ७ | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं.प्र.(प्रा.) | कृषि | भेटनरी | १ | " |
| ८ | सव–इञ्जिनियर | रा.प.अनं.प्र.(प्रा.) | इञ्जि. | सिभिल जनरल | १ | " |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्र. | १ | " |
| १० | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | १ | " |
| ११ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. | प्रशासन | विविध | १ | स्थायी/करार |
| १२ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | सा.प्र. | १ | स्थायी |
| १३ | सिनियर गेमस्काउट | रा.प.अनं.द्वि.(प्रा) | वन | ने.पा.वा.ला. | २ | " |
| १४ | गेमस्काउट | श्रेणी विहीन | वन | ने.पा.वा.ला. | ५ | " |
| १५ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र. | ५ | स्थायी/करार |
| १६ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जी | मे.इ. | ३ | स्थायी/करार |
| | जम्मा | | | | ३१ | |

## ७. विविध :

**७.१ चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पतालसम्बन्धी कानूनी व्यवस्था :**
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा १५ बमोजिम :**

१५. नमूना संकलन गर्न इजाजतपत्र लिनु पर्ने :

(१) इजाजतपत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज, आरक्ष वा अन्य वन्यजन्तु वासस्थानबाटै वैज्ञानिक अनुसन्धानको लागि नमूना संकलन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचाको दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएबमोजिमको दस्तुर अनुसूची–१ मा उल्लेखित वन्यजन्तु बाहेक जुनसुकै वन्यजन्तुको शिकार गर्न वा कुनै कीट, कीटाणु, माछा वा कुनै प्राकृतिक उपज जम्मा गर्न तोकिएको शर्तहरु पालन गर्ने गरी इजाजतपत्र दिन सक्नेछ।

१५क. वन्यजन्तुको अध्ययन अनुसन्धान, प्रजनन तथा पालन गर्न सक्ने :

(१) वन्यजन्तुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमा सघाउ पुऱ्याउने उद्धेश्यले वन्यजन्तुको अध्ययन, अनुसन्धान वा व्यवसायिक रुपमा प्रजनन तथा पालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएबमोजिम अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तुको प्रजनन तथा पालनको लागि आवश्यक पर्ने बीउ प्राणी (सिड एनिमल) तोकिएबमोजिम उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरी व्यावसायिक रुपमा उत्पादन गरिएका वन्यजन्तु वा तीनका अंग वा अंगबाट तयार गरिएको वस्तु तोकिएबमोजिम उपयोग, बिक्री, वितरण वा निकासी गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएबमोजिमका वन्यजन्तुलाई तोकिएबमोजिमको अवस्थामा नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न वा कुनै मुलुकमा निकासी गर्न वा कुनै मुलुकबाट पैठारी गर्न पाइने छैन।

१५ख. अनुसन्धान वा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रदान गर्न सकिने :

(१) वन्यजन्तुको वैज्ञानिक अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने ख्यातिप्राप्त स्वदेशी वा विदेशी संघ, संस्थाले अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको प्रयोजनको लागि कुनै वन्यजन्तु माग गरी नेपालको राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र तथा वन्यजन्तुको संरक्षण, सम्बर्द्धन र विकासको लागि सहयोग पुऱ्याउने लिखित प्रतिबद्धतासहित निवेदन पेश गरेमा नेपाल सरकारले त्यस्तो कार्यको लागि उक्त संस्थालाई वन्यजन्तु प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन वा अनुसन्धानको लागि कुनै वन्यजन्तु प्रदान गर्दा त्यस्तो अध्ययन वा अनुसन्धानबाट प्राप्त हुने नतिजा नेपालको लागि समेत उपयोगी हुने ठानेमा नेपाल सरकारले त्यस्तो नतिजा नेपाललाई समेत उपलब्ध गराउने शर्त सहित त्यस्तो वन्यजन्तु प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम वन्यजन्तु प्रदान गर्दा लाग्ने दस्तुर, पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१५ग. चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने :

(१) कुनै संस्था, निकाय वा स्थानीय तहले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वंशाणु श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान गर्ने प्रयोजनका लागि तोकिएबमोजिम इजाजतपत्र प्राप्त गरी चिडियाखाना संचालन गर्न सक्नेछ।

(२) कुनै पनि व्यक्ति, संस्था वा स्थानीय तहले टुहुरा, असहाय, समस्याग्रस्त र उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापनको लागि वन्यजन्तु उद्धार केन्द्र र वन्यजन्तु अस्पताल स्थापना गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना र संचालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१५घ. जैविक मार्गको संरक्षण र सम्बर्द्धन :

(१) नेपाल सरकारले आवश्यक देखेमा राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भन्दा बाहिरको कुनै क्षेत्रलाई जैविक मार्ग घोषणा गरी सम्बन्धित उपभोक्ता समितिसँग परामर्श गरी सो को संरक्षण र सम्बर्द्धनको व्यवस्था गर्न सक्नेछ।

(२) जैविक मार्गको संरक्षण र सम्बर्द्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५ङ. विदेशी मुलुकलाई वन्यजन्तु उपलब्ध गराउन सकिने :

(१) कुनै पनि विदेशी मुलुकको सरकारले तोकिएको शर्तको अधीनमा रही नेपालमा रहेको वन्यजन्तु माग गरेमा र नेपाल सरकारले संरक्षण र व्यवस्थापनका दृष्टिकोणले उपयुक्त ठानेमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी त्यस्ता वन्यजन्तु उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उपलब्ध गराएको वार्षिक विवरण वन तथा भू–संरक्षण मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सङ्घीय संसदको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २६ को उपदफा ५(ग) बमोजिम दण्ड सजाय :

(५ग) कसैले यस ऐन अन्तर्गत इजाजत प्राप्त नगरी वन्यजन्तु पालन वा प्रजनन गरे गराएमा वा चिडियाखाना संचालन गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

## ८. अनुसूचीहरु :

### अनुसूची - १ राष्ट्रिय प्राणी उद्यान घोषणा भएको राजपत्र

**नेपाल राजपत्र**

**नेपाल सरकारद्धारा प्रकाशित**

**खण्ड ६४) काठमाडौं, चैत्र १६ गते, २०७१ साल (संख्या ४४**

**भाग ५**

**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालयको सूचना**

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१।१०।२९ को निर्णय अनुसार भक्तपुर जिल्लाको गुण्डु, सिपाडोल तथा कटुञ्जे गा.वि.स.अन्तर्गत रहेका सामुदायिक वनहरुमध्ये सूर्यविनायक सामुदायिक वन (४६.२५५ हेक्टर), सेतीदेवी सामुदायिक वन (४४.५०४ हेक्टर), मन्थली सामुदायिक वन (६४.८७४ हेक्टर), गौरादेवी सामुदायिक वन (९.३१६ हेक्टर), बालकुमारी सामुदायिक वन (१४.६७७ हेक्टर), लिखानारायण सामुदायिक वन (४०.०१४ हेक्टर), संजिवनी सामुदायिक वन (१५.०२१ हेक्टर) तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रको (१०.५०४ हेक्टर) समेत गरी २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**शरदचन्द्र पौडेल**
**नेपाल सरकारको सचिव**

## अनुसूची – २ राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुरमा पाईने वन्यजन्तुको सूची

**(क) स्तनधारी :**

| क्र.सं. | प्रजाति | अंग्रेजी नाम | नेपाली नाम |
|---|---|---|---|
| १ | Canis aureus (Linnaeus, 1758) | Viverra zibetha (Linnaeus, 1758) | स्याल |
| २ | Dremomys lokriah (Hodgson, 1836) | Orange-Bellied Himalayan Squirrel | हिमाली वन लोखर्के |
| ३ | Felis chaus (Schreber, 1777) | Jungle Cat | बन विरालो |
| ४ | Herpestes edwardsii (Saint-Hilaire, 1818) | Indian Grey Mongoose | ठूलो न्याउरी मुसा |
| ५ | Hystrix indica (Kerr, 1792) | Indian Crested Porcupine | जुरे दुम्सी |
| ६ | Lepus nigricollis (Cuvier, 1823) | Indian Hare | खैरो खरायो |
| ७ | Macaca mulatta (Zimmermann, 1780) | Rhesus Monkey | रातो वांदर |
| ८ | Manis pentadactyla (Linnaeus, 1758) | Chinese Pangolin | कालो सालक |
| ९ | Martes flavigula (Boddaert, 1758) | Yellow-Throated Marten | मलसांप्रो |
| १० | Muntiacus vaginalis (Zimmermann, 1780) | Barking Deer | रतुवा, राते |
| ११ | Paguma larvata (Smith, 1827) | Masked Palm Civet | गाजले नीरविरालो, धनोद |
| १२ | Panthera pardus (Linnaeus, 1758) | Leopard | चितुवा |
| १३ | Prionailurus bengalensis (Kerr, 1792) | Leopard Cat | चरी बाघ |
| १४ | Sus scrofa (Linnaeus, 1758) | Wild Boar | बंदेल |
| १५ | Viverra zibetha (Linnaeus, 1758) | Large Indian Civet | ठूलो नीरविरालो |

(ख) पंक्षी :

| क्र.सं. | प्रजाति | वैज्ञानिक नाम |
|---|---|---|
| १ | Alexandrine Parakeet | Psittacula eupatria |
| २ | Kalij Pheasant | Lophura leucomelanos |
| ३ | Plain flowerpecker | Dicaeum minullum |
| ४ | Ashy Drongo | Dicrurus leucophaeus |
| ५ | Asian barred owlet | Glaucidium cuculoides |
| ६ | Asian koel | Eudynamys scolopaceus |
| ७ | Barn owl | Tyto alba |
| ८ | Barn Swallow | Hirundo rustica |
| ९ | Black Bulbul | Hypsipetes leucocephalus |
| १० | Black chinned babbler | Stachyridopsis pyrrhops |
| ११ | Black Drongo | Dicrurus macrocercus |
| १२ | Black Kite | Milvus migrans |
| १३ | Black-lored Tit | Parus xanthogenys |
| १४ | Black-throated Tit | Aegithalos concinnus |
| १५ | Blue Whistling Thrush | Myophonus caeruleus |
| १६ | Blue-throated barbet | Psilopogon asiaticus |
| १७ | Buff barred warbler | Phylloscopus subaffinis |
| १८ | Cattle Egret | Concernus ibis |
| १९ | Chestnut-bellied rock thrush | Monticola rufiventris |
| २० | Common Myna | Acridotheres tristis |
| २१ | Common Pigeon | Columba livia |
| २२ | Common Stonechat | Axicola torquatus |
| २३ | Common Tailorbird | Orthotomus sutorius |
| २४ | Crimson Sunbird | Aethopyga siparaja |
| २५ | Dark throated thrush | Turdus atrogularis |

(ख) पंक्षी :

| क्र.सं. | प्रजाति | वैज्ञानिक नाम |
|---|---|---|
| २६ | Dark-Breasted Rosefinch | Carpodacus nipalensis |
| २७ | Dusky Warbler | Phylloscopus fuscatus |
| २८ | Eurasian Collared Dove | Streptopelia decaocto |
| २९ | Eurasian Tree Sparrow | Passer montanus |
| ३० | Fire-breasted flowerpecker | Dicaeum ignipectus |
| ३१ | Fulvous-breasted Woodpecker | Dendrocopos macei |
| ३२ | Great Barbet | Psilopogon virens |
| ३३ | Great Tit | Parus major |
| ३४ | Greater Coucal | Centropus sinensis |
| ३५ | Green bill makcoucal | Phaenicophaeus tristis |
| ३६ | Green-backed Tit | Parus monticolus |
| ३७ | Greenfinch | Carduelis sp |
| ३८ | Greenish Warbler | Phylloscopus trochiloides |
| ३९ | Green-tailed Sunbird | Aethopyga nipalensis |
| ४० | Grey billed tesia | Tesia cyaniventer |
| ४१ | Grey bush chat | Saicola ferreus |
| ४२ | Grey tree pie | Dendrocitta formosae |
| ४३ | Grey-backed Shrike | Lanius tephronotus |
| ४४ | Grey-headed Canary Flycatcher | Culicicapa ceylonensis |
| ४५ | Grey-Headed Woodpecker (Grey-capped Woodpecker) | Picus canus |
| ४६ | Grey-hooded Warbler | Phylloscopus xanthoschistos |
| ४७ | Phylloscopus xanthoschistos | Dicrurus hottentotus |
| ४८ | Himalayan Bulbul | Pycnonotus leucogenys |
| ४९ | Himalayan buzzard | Buteo burmanicus |
| ५० | House Crow | Corvus splendens |

**(ख) पंक्षी :**

| क्र.सं. | प्रजाति | वैज्ञानिक नाम |
|---|---|---|
| ५१ | House Sparrow | Passer domesticus |
| ५२ | House Swift | Apus nipalensis |
| ५३ | Hume's Warbler | Phylloscopus humei |
| ५४ | Indian Pond Heron | Ardeola grayii |
| ५५ | Jungle Crow | Corvus culminates |
| ५६ | Jungle Myna | Acridotheres fuscus |
| ५७ | Kestrel | Concerno tinnunculus |
| ५८ | Large cuckooshrike | Coracina macei |
| ५९ | Large-billied Crow | Corvus macrorhynchos |
| ६० | Little Egret | Egretta garzetta |
| ६१ | Long tail minivet | Pericrocotus ethologus |
| ६२ | Long-billed Pipit | Anthus similis |
| ६३ | Long-tailed Broadbill | Psarisomus dalhousiae |
| ६४ | Long-tailed Shrike | Lanius schach |
| ६५ | Nepal fulvetta | Concernippe nipalensis |
| ६६ | Nepal wren babbler | Pnoepyga immaculate |
| ६७ | olive backed Pipit | Anthus hodgsoni |
| ६८ | Oriental Magpie Robin | Copsychus saularis |
| ६९ | Oriental Turtle Dove | Streptopelia orientalis |
| ७० | Oriental white eye | Zosterops palpebrosus |
| ७१ | Pied Bushchat | Saxicola caprata |
| ७२ | Red-billed Blue Magpie | Urocissa erythroryncha |
| ७३ | Red-vented Bulbul | Pycnonotus cafer |
| ७४ | Rose-ringed Parakeet | Psittacula krameri |
| ७५ | Rufous-bellied niltava | Niltava sundara |

**(ख) पंक्षी :**

| क्र.सं. | प्रजाति | वैज्ञानिक नाम |
|---|---|---|
| ७६ | Rusty-cheeked Scimitar Babbler | Pomatorhinus erythrogenys |
| ७७ | Scaly-Bellied Woodpecker | Picus squamatus |
| ७८ | Scaly-breasted Munia | Lonchura punctulata |
| ७९ | Scimitar Babbler | Pomatorhinus sp. |
| ८० | Shikra | Accipiter badius |
| ८१ | Short-billed Minivet | Pericrocotus brevirostris |
| ८२ | Slaty-backed Flycatcher | Ficedula hodgsonii |
| ८३ | Speckled Piculet | Picumnus innominatus |
| ८४ | Spotted Forktail | Enicurus maculatus |
| ८५ | Spotted owlet | Athene brama |
| ८६ | Steppe Eagle | Aquila nipalensis |
| ८७ | Streak-breasted Scimitar-babbler | Pomatorhinus ruficollis |
| ८८ | Striated Laughingthrush | Garrulax strlatus |
| ८९ | Taiga Flycatcher (Red-Throated Fly-catcher) | Ficedula albicilla |
| ९० | Tree sparrow | Passer montanus |
| ९१ | Verditer Flycatcher | Eumyias thalassinus |
| ९२ | White Wagtail | Motacilla alba |
| ९३ | White-throated Fantail | Rhipidura albicollis |
| ९४ | White-throated Kingfisher (White-breasted Kingfisher) | Concernyon smyrnensis |
| ९५ | Yellow-bellied fantail | Chelidorhynx hypoxanthus |

## अनुसूची – ३ राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक भक्तपुरमा गरिएको क्यामेरा दृष्यमा परेका वन्यजन्तुहरु










## अनुसूची - ४ राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक भक्तपुरको भू-दृश्यहरु









नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय प्राणी उद्यान

सूर्यविनायक भक्तपुर

२०७६, भाद्र